दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक २०५ | बुटवल | २०८२ साउन ०५ गते, सोमबार | नेपाल संवत ११४५ | Monday July. 21, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## बुटवल-नारायणगढ सडकको भौतिक प्रगति ७० प्रतिशत



**रामकुमार श्रेष्ठ**
*नवलपरासी*

बुटवल-नारायणगढ सडक खण्ड विस्तारको म्याद सकिँदैछ । साउन ८ गते म्याद सकिँदै गर्दा अब करिब १ वर्ष म्याद थप गर्ने तयारी छ । यो बिचमा पूर्वपश्चिम राजमार्गको नारायणगढ-बुटवल सडक खण्डको भौतिक प्रगति अहिलेसम्म जम्मा ७० प्रतिशतको हाराहारीमा मात्र पुगेको छ ।

दाउन्ने सडक खण्ड बाहेक अनेत्र यातायात सञ्चालनमा पहिलेको तुलनामा धेरै सहज भएको छ तथापि ठाउँ-ठाउँमा अलपत्र पूर्वाधारहरु अझै देख्न सकिन्छ । पुल नजिकका खाल्टाखुल्टीहरु कतिपय ठाउँमा अझै बाँकी छन् । भने मुख्य समस्या अहिले दाउन्ने सडक खण्डमा रहेको छ । दाउन्ने सडक खण्डको पश्चिम खण्डमा यात्रा केही सहज भए पनि पूर्वी खण्ड भने निक्कै कठिनाइ हुने गरेको छ ।

पछिल्लो ६ महिना केही द्रुत गतिमा काम देखाएको ठेकेदार कम्पनी चाइना स्टेट कम्पनीले अहिले दाउन्नेमा केन्द्रित रहेर काम गरिरहेको छ । दसैं अगाडि दाउन्नेको बाटो पनि अनेत्र जतिकै सहज गराउने गरी काम गरेको हो ।

दसैं अगाडि दाउन्नेमा कम्तिमा १ तर्फी कालोपत्रे सक्ने योजना निर्माण कम्पनीको रहेको छ । दाउन्नेको १४ किलोमिटर सडक खण्ड मध्ये पश्चिम बर्दघाटतर्फ ३ किलोमिटर सडक मात्र कालोपत्रे भएको छ । दाउन्ने सडक अहिले धुलो र हिलोले कन्तबिजोग हुने गरेको छ । यसको मार यात्रुका साथै स्थानीय बासिन्दा र दाउन्नेका व्यापारीहरुमा समेत गरेको छ ।

नारायणगढ-बुटवल सडक आयोजना पूर्व खण्डका प्रमुख इश्वरबहादुर रिजालका अनुसार अहिलेसम्म ७० प्रतिशत काम सकिएको छ । त्यसैगरी दाउन्ने खण्डमा सडक निर्माणको काम तिव्र गतिमा बढेको उनले बताए । साउन ८ गते म्याद सकिँदै गर्दा करिब १ वर्ष म्याद थप गरेर काम सक्नु पर्नेमा नारायणगढ-बुटवल सडक आयोजना पूर्व खण्डका प्रमुख इश्वरबहादुर रिजालले जोड दिए ।

तेस्रो पटक थपिएको समयावधिमा पनि काम नसकिएपछि सरकारले चौथोपटक म्याद थप्ने तयारी गरेको छ ।

सुरु ठेक्का सम्झौताअनुसार यो राजमार्ग ०७९ साउनमै सम्पन्न भइसक्नुपर्ने हो । तर अहिलेसम्म पनि काम सकिएको छैन । सरकारले फेरि थप एक वर्षको म्याद थप गर्न लागेको हो ।

यो सडक हेर्ने आयोजना निर्देशनालयका प्रमुख इञ्जिनियर चुडाराज ढकालका अनुसार आउँदो बुधबार फेरि सडक स्तरोन्नति गर्ने म्याद (समय अवधि) एक वर्ष थप्न सम्झौता हुनेछ ।

आउँदो बुधबार सडक विभाग र चिनियाँ ठेकेदार कम्पनी चाइना स्टेट इञ्जिजियरिङ कर्पोरेसनबिच मन्त्रालयमा लिखित सम्झौता गरेर ०८३ साल साउनसम्मको म्याद थपिने पक्कापक्की भएको हो ।

चिनियाँ ठेकेदारले भने करिब १८ महिना म्याद थप गर्न माग राखेको छ । ठेकेदारको माग अनुसारको समय दिन नसकिने ढकालले सुनाए । उनले भने - 'थपिएको म्यादमा थप लागत नबढ्ने सर्तमा १ वर्ष म्याद थप गर्ने तयारी गरेका छौं । उनीहरु (ठेकेदार कम्पनी) ले हुन्छ भनेको छ त्यही अनुसार म्याद थप हुन्छ ।'

बुटवल-नारायणगढ सडक खण्डको १ सय १३ किलोमिटर सडक मध्ये असार मसान्तसम्म एक सय किलोमिटर सडक कालोपत्रे भएको छ । दुवै तर्फ भने ८० किलोमिटर सडक मात्र कालोपत्रे भएको छ ।

» *बाँकी ३ पेजमा*

# सहकारीका बेथिति रोक्न १९ बुँदे निर्देशन

**सञ्चालक समिति, लेखा समिति र व्यवस्थापकको फोटोसहितको तीनपुस्ते प्रमाणित विवरण कार्यालयमा पेश गर्न, सेवा र शुल्कको बडापत्र देखिनेगरी राख्न र कम्तिमा पनि ५१ प्रतिशत शेयर सदस्य उपस्थित गराएर मात्र साधारणसभा गर्न निर्देशन दिइएको छ ।**

**टिआर शर्मा**
*बुटवल*

प्रदेश कार्यक्षेत्र भएका दुई दर्जन बढी सहकारीमा बचतकर्ताको करोडौं रकम अपचलन भएर समस्या आएपछि लुम्बिनी प्रदेश सहकारी दर्ता अधिकारीको कार्यालयले १९ बुँदे निर्देशन जारी गरेको छ ।

२०८१ साउन १८ को अद्यावधिक तथ्यांकअनुसार लुम्बिनीमा प्रदेश कार्यक्षेत्र भएका सहकारीको संख्या ८५० छ । तर झण्डै आधा सहकारीले प्रमुख नियामक निकायमा वार्षिक प्रतिवेदन समेत पेश गरेका छैनन् ।

प्रभावकारी अनुगमन अभाव र सहकारी ऐन, नियम पालना नहुंदा बेथिति बढ्दै गएपछि सहकारी दर्ता अधिकारी सुरेशचन्द्र आचार्यले सहकारी सञ्चालन तथा व्यवस्थापनमा सुशासन कायम गर्न प्रदेश सहकारी ऐन,२०७६ को दफा ७७ को उपदफा (१) तथा प्रदेश सहकारी नियमावली, २०७६ को नियम ३८ (इ) बमोजिम निर्देशन जारी गरेका हुन् ।

निर्देशनमा सबै शेयर सदस्यको वैयक्तिक विवरण, सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति तथा अन्य उप-समितिका सदस्यहरुको विवरण, शेयर सदस्यहरूले बचत संकलन तथा ऋण लगानीको विवरण प्रविष्टि तथा अद्यावधिक गर्न निर्देशन दिइएको छ ।

यस्तै वार्षिक साधारण सभा, सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति तथा अन्य उप-समितिको बैठक तथा निर्णय, मासिक, चौमासिक तथा वार्षिक प्रतिवेदन कोपोमिस प्रणालीबाट समेत पठाउन भनिएको छ ।

आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र संघ/संस्थाको समष्टिगत विवरण तयार गरी कोपोमिस प्रणालीमा प्रविष्ट गर्न, वार्षिक साधारण सभावाट निर्णय भए बमोजिम छनौट भएको लेखापरीक्षकबाट अनिवार्य रुपमा असोज मसान्तभित्र लेखापरीक्षण सम्पन्न गर्न, बचत तथा ऋणकारोबार गर्ने सबै सहकारीले पर्लस् तथा एमसीआईका सूचकहरुको विश्लेषण गरी लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्न निर्देशन दिइएको छ ।

अर्को महत्वपूर्ण निर्देशनमा सहकारी ऐन नियममा उल्लेख भए बमोजिम प्रकृया अवलम्बन गरी कम्तिमा पनि ५१ प्रतिशत शेयर सदस्य उपस्थित गराएर मात्र साधारणसभा गर्न भनिएको छ । गणपूरक संख्या अपुग भएमा सभा स्थगित गरी ७ दिनभित्र कम्तीमा ३३ प्रतिशत सदस्यको उपस्थितिमा अर्को साधारणसभा गर्नुपर्ने निर्देशनमा उल्लेख छ ।

यस्तै सहकारी ऐन नियममा तोकेको समयभित्र सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिको निर्वाचन गर्न, सञ्चालक समिति, लेखासुपरीवेक्षण समिति र व्यवस्थापकको फोटोसहितको तीनपुस्ते विवरण प्रमाणित गरी कार्यालयमा पेश गर्न निर्देशन दिइएको छ ।




यस्तै वार्षिक बजेट तथा कार्यक्रम साधारणसभाबाट स्वीकृत गरेर मात्र कार्यान्वयन गर्न, संस्थाको आय-व्यय, नाफा नोक्सान, बचत संकलन तथा ऋण लगानीलाई विश्वत्रीय र पारदर्शी बनाउन अनलाइनमा आधारित सफ्टवेयर प्रविधिको प्रयोग गरी सफ्टवेयरको समेत अडिट गर्न निर्देशन दिइएको छ ।

संस्थाको ऋण लगानी तथा असुली प्रक्रियालाई व्यवस्थित बनाउन ऋणको वर्गीकरण गरी असल ऋणमा१ प्रतिशत, कमसल ऋणमा २५ प्रतिशत, शंकास्पद ऋणमा ५० प्रतिशत र खराब ऋणको लागि १०० प्रतिशत रकम अनिवार्य रुपमा ऋण जोखिम कोषमा व्यवस्था गर्न निर्देशन दिइएको छ । यस्तै सहकारी संस्थामा कार्यरत कर्मचारीको व्यक्तिगत विवरण दुरुस्त राख्न, कर्मचारीलाई नियुक्तिपत्र र स्पष्ट कार्यविवरण प्रदान गरेर मात्र काममा लगाउन, योगदान र कारोवारको आधारमा संरक्षित पुँजी फिर्ता कोषको रकमलाई शेयर लाभांशमा नजोडी कानून बमोजिम फिर्ता गर्न पनि सहकारी संस्थाहरुलाई निर्देशन दिइएको छ ।

संरक्षित पूँजी फिर्ता कोष, शेयर लाभांश कोष र कर्मचारी बोनस कोषमा रहेको रकम प्रचलित ऐन नियम बमोजिम सम्बन्धित आर्थिक वर्षमा खर्च हुन नसकेको खण्डमा सो रकम जगेडा कोषमा स्थानान्तरण गर्न निर्देशन दिइएको छ ।

यस्तै नेपाल राष्ट्र बैंकमा रहेको वित्तीय जानकारी इकाइको गो एएमएल सफ्टवेयरमा आबद्ध भई सीमा कारोबार प्रतिवेदन (टीटीआर ), शंकास्पद कारोबार प्रतिवेदन ( एसटीआर) र शंकास्पद गतिविधि प्रतिवेदन (एसएआर) तोकिएकी समयभित्र पेश गरी सोको जानकारी सहकारी दर्ता अधिकारीको कार्यालयमा पेश गर्न निर्देशन दिइएको छ ।

आ.व. २०७६/०७७ भन्दा अघि दर्ता भई सञ्चालनमा रहेका सहकारी संघसंस्थाहरूले प्रदेश सहकारी ऐन,२०७६ का प्रावधानहरूसँग नबाँझिने गरी विनियम पुनःलेखन गर्न को प्रक्रिया अगाडि बढाउन, सबै सहकारी संघसस्थाले आफ्ना शेयरसदस्यहरूलाई प्रदान गर्ने सेवाको बडापत्र तयार गरी सबै शेयरसदस्यले देख्ने गरी राख्न र सोही अनुसार सेवा प्रदान गर्न पनि निर्देशन दिइएको छ ।

नेपाल सरकार, राष्ट्रिय सहकारी नियमन प्राधिकरणको २०८२ जेठ ९ गते जारी नियामकीय मापदण्ड, २०८२ असार २३ गते जारी निर्देशन तथा नेपाल सरकार कृषि, सहकारी तथा गरिवी निवारण सहकारी विभागबाट २०८२ असार ३२ गते जारी भएको एकिकृत निर्देशन पूर्णरुपमा पालना गर्न निर्देशन दिइएको छ ।

प्रदेश सहकारी दर्ता अधिकारीको कार्यालयले समयमै यस्ता निर्देशन दिएको भए सहकारीमा यति धेरै बेथिति र समस्या नआउने प्रदेशका सहकारी अभियान्ता दामोदर पंगेनी बताउँछन् ।

» *बाँकी ३ पेजमा*

# भैरहवा भन्सारबाट गत वर्षभन्दा १४ अर्ब बढी राजस्व संकलन



**मोहम्मद हबिब**
*भैरहवा*

मुलुककै दोस्रो ठूलो र लुम्बिनी प्रदेशको पहिलो भन्सार नाका भैरहवा भन्सार कार्यालयले ४ वर्षदेखि राजस्व लक्ष्य पार गर्न सकेको छैन । वर्षेनी बढ्दो लक्ष्य र केही नीतिगत कारणले ४ वर्षको अवधि मा एक महिनामा मात्रै राजस्व संकलन लक्ष्य पार भएको छ । २०७८ पुस ५ गतेबाट लागु भएको अनिवार्य प्रतित पत्र (एल.सी.) खोलेर शतप्रतिशत र दुई वटा शीर्षकमा ५० प्रतिशत नगद मार्जिन राख्नु पर्ने व्यवस्था गरेसँगै आयातमा कमी हुँदै आएको हालसम्म पनि कार्यालयले विभागबाट पाएको लक्ष्य पार गर्न सकेको छैन ।

कार्यालयलाई भन्सार विभागले आर्थिक वर्ष २०८१/०८२ का लागि एक खर्ब ९ अर्ब ३३ करोड २२ लाख ५२ हजार राजस्व संकलन लक्ष्य दिएकोमा ९५ अर्ब १९ करोड ३८ लाख ९९ हजार रुपैयाँ अर्थात् ८७ दशमलव ०७ प्रतिशत राजस्व संकलन गरेको हो । अघिल्लो आर्थिक वर्ष २०८०/८१ का लागि एक खर्ब २७ अर्ब ८३ करोड ६६ लाख ७९ हजार राजस्व संकलन लक्ष्य दिएकोमा आर्थिक वर्ष २०८०-८१ मा ८० अर्ब ७२ करोड रुपैयाँ अर्थात् ६३ दशमलव २४ प्रतिशत राजस्व संकलन गरेको थियो । बेलहिया नाका हुँदै हुने आयात खुम्चिँदा भन्सारले राजश्व संकलन लक्ष्य भेट्टाउन नसकेको हो । राजस्व लक्ष्य पुरा नभए पनि अघिल्लो वर्षभन्दा १४ अर्ब ३५ करोड अर्थात् १७ दशमलव ७५ प्रतिशत बढी राजस्व संकलन गरेको छ ।

अघिल्लो आर्थिक वर्ष २०८०/०८१ को तुलनामा असुलीमा सुधार भएको देखिएको छ । भैरहवा भन्सार कार्यालयले तथ्यांकअनुसार आर्थिक वर्ष २०८१-०८२ मा २ खर्ब ६३ अर्ब ८२ करोड मूल्यका विभिन्न सामान आयात हुँदा २० अर्ब ९२ करोडको निर्यात भएको छ । अघिल्लो आर्थिक वर्षको तुलनामा ५२ दशमलव ९९ प्रतिशत निर्यातमा वृद्धि हुँदा व्यापार घाटा कम भएको छ ।

भन्सार कार्यालयको तथ्याङ्क अनुसार २०७७/०७८ पछि लक्ष्यअनुसारको राजस्व संकलन हुन सकेको छैन । वर्षेनी बजेटको आकार बढेकोले स्रोतको सुनिश्चितताका लागि भन्सारको लक्ष्य पनि बढ्ने गरेको छ । तर लक्ष्य थपिए पनि सो अनुसारको राजस्व संकलन भने हुन पाएको छैन ।

कार्यालयका अनुसार आर्थिक वर्ष २०७७/०७८ मा लक्ष्यभन्दा १३ प्रतिशत बढी राजस्व संकलन भए पनि त्यसयता यो अनुपात घट्दै गएको छ । आर्थिक वर्ष २०७८/०७९ मा लक्ष्यको ९१ प्रतिशत, २०७९/८० लक्ष्यको ४९ प्रतिशत, आर्थिक वर्ष २०८०/८१ मा लक्ष्यको ६३ प्रतिशत, आर्थिक वर्ष २०८१/८२ मा लक्ष्यको ८७ प्रतिशत मात्रै राजस्व संकलन भएको भन्सार कार्यालयका प्रमुख रामप्रसाद रेग्मीले बताए । राजस्व संकलनमा योगदान दिने मुख्य वस्तुको आयात नै खुम्चिँदा पछिल्ला आर्थिक वर्षमा लक्ष्यअनुसार राजस्व संलकन गर्न नसकेको भन्सार प्रमुखको भनाइ छ ।

भैरहवा भन्सार कार्यालयका सूचना अधिकारी नरेन्द्रप्रसाद चौधरीका अनुसार २०८१ साउन देखि २०८२ असार सम्ममा सबैभन्दा धेरै १ लाख ४४ हजार १ सय ९४ थान मोटरसाइकल १६ अर्ब ९१ करोड ८५ लाख ४४ हजारको आयात भएको छ जसबाट १७ अर्ब २१ करोड २१ लाख २७ हजार राजस्व संकलन भएको छ ।

यस्तै ४ अर्ब १५ करोड १५ लाख ३८ हजारको ३ हजार ७ सय ६१ थान जीप, कार, भ्यान आयात भई १० अर्ब ३५ करोड ४७ लाख ९६ हजार राजस्व असुली भएको छ । यसैगरी ६ अर्ब ८९ करोड ११ लाख ९ हजार मूल्यको पेट्रोल आयात भई ३ अर्ब ९७ करोड १५ लाख ६८ हजार राजस्व संकलन भएको छ ।

» *बाँकी ३ पेजमा*



## सम्पादकीय

# फोहरमैला व्यवस्थापनमा गर्नुपर्ने काम

शहरमा फोहरमैला व्यवस्थापन चुनौतीपूर्ण बन्दै आएको छ। नदी किनार र वन क्षेत्रमा फोहरमैलाको व्यवस्थापन हुँदै आएको छ। नदी किनार र वन क्षेत्रमा भइरहेको फोहरमैला व्यवस्थापनले स्वच्छ वातावरणका निम्ति जोखिम बढेको छ।

बुटवल उप-महानगरपालिकाले तिनाउ नदी किनारमा फोहर व्यवस्थापन गर्दै आएको छ। सिद्धार्थ नगरपालिकाले डण्डा नदी किनारमा फोहरमैला व्यवस्थापन गर्दै आएको वर्षौं भयो। देवदह नगरपालिकाले बस्ती नजिकैको वन क्षेत्रमा फोहरमैला व्यवस्थापन गर्दा स्थानीय समुदाय प्रत्यक्ष मारमा परेका छन्। अरु पालिका पनि फोहरमैला व्यवस्थापनमा प्रभावकारी काम गर्न सकेका छैनन्। अहिले पालिकाले फोहरमैला व्यवस्थापनमा समस्या भोगिरहेका छन्, तर समस्या समाधानको बाटो पहिल्याउन सकेका छैनन्। पालिकाभित्रको फोहर व्यवस्थापनको काम पालिकाको हो। संविधानले फोहरमैला व्यवस्थापनको जिम्मेवारी पालिकालाई दिएको छ। यो एकल अधिकारभित्र पर्ने र नागरिकको दैनिक जीवनसँग जोडिएको विषयप्रति पालिका गम्भीर छैनन् भन्ने देखिन्छ। सिद्धार्थनगर जस्तो पर्यटकीय नगरले डण्डा नदी किनारमा वर्षौंदेखि फोहर फाल्दै आउनु र बुटवल जस्तो साधनस्रोत सम्पन्न पालिकाले फोहरमैला व्यवस्थापनको पहलकदमी लिन नसक्नुले उनीहरुको कमजोरी हो। नदी मान्छेका लागि मात्रै नभई हरेक प्राणीका लागि आवश्यक छ। नदीलाई स्वच्छ रुपमा बग्न नदिएर मान्छेले प्रकृतिप्रति अन्याय गरेको छ। प्रकृतिले दिएका अनुपम उपहारलाई जोगाउने र संरक्षण गर्ने पहिलो जिम्मेवारी मान्छेको हो। जहाँ अरु जीवजन्तु सहजै बाँच्न सकुन्। अरु जीवजस्तु सहजै बाँच्न सक्दा नै मानव जीवन सार्थक हुने हो। फोहरमैला नदी किनारमै फाल्दा अरु नदीमा बाँच्ने जीवजन्तुका लागि त कष्टकर भएको छ, मान्छेकै जीवन संकटमा परेको छ। वातावरणीय असन्तुलन बढेको छ।

विकास भनेको जिल्ला सडक, विमानस्थल र ठूला भवन मात्रै होइनन्। मान्छेको जीवन सहज बनाउनका लागि प्रकृतिको दोहनलाई न्यूनीकरण गर्नुपर्छ। फोहरमैला व्यवस्थापनको ठाउँ नदी किनारलाई होइन्, एउटा व्यवस्थित क्षेत्र खोजौं, जहाँ फोहरमैला व्यवस्थापन गर्दा कसैलाई असर नगरोस्। संकलन भएको फोहरमैला प्रशोधन गरी आयआर्जन हुन सकोस्। कुनै एउटा पालिका मात्रै नभई सम्भव हुने धेरै पालिका मिलेर यस्तो काम गर्न सम्भव छ। दुई वा दुईभन्दा बढी पालिका मिलेर फोहरमैलाको दिगो व्यवस्थापनका लागि ठाउँ खोजेर अघि बढ्न सक्दा नदीमा भइरहेको प्रदूषण रोक्न सघाउ पुग्छ नै, पालिकाले पनि केही गर्दैछन् भन्ने सन्देश प्रवाह हुन्छ। घर–घरमा सिंहदरबार भन्ने नारालाई सार्थक सिंहदरबारकै शैलीमा बनेका आलिसान महलले मात्रै दिने होइन्, सिंहदरबारले गर्ने काम नागरिकको घरदैलोमै हुन्छ र हुनुपर्छ भन्ने हो। अतः नागरिकले स्थानीय सरकार भएको अनुभूति फोहरमैला व्यवस्थापनबाट पाउन सक्छन्।

# नेप्से परिसूचकमा सामान्य अङ्कको वृद्धि,



काठमाडौँ। साताको पहिलो दिन आइतबार नेप्से परिसूचक सामान्य अङ्कले बढेको छ। पछिल्लो समय निरन्तर रूपमा बढेको नेप्से साताको पहिलो कारोबारका दिन सामान्य अङ्कले बढेर कारोबार बन्द भएको छ।

नेप्से परिसूचक ०.३२ अङ्क बढेर २८७०.९५ विन्दुमा पुगेको छ। त्यस्तै, सेन्सेटिभ इण्डेक्स २.४६ अङ्कले घटेको छ भने फ्लोट इण्डेक्स ०.४४ अङ्कले र सेन्सेटिभ फ्लोट इण्डेक्स १.०५ अङ्कले घटेको छ।

कारोबारमा आएका ३१६ कम्पनीको ५ करोड १६ लाख ५८ हजार कित्ता शेयर २१ अर्ब ४६ करोड ४९ लाख ९४ हजार रुपैयाँ बराबरको खरिदबिक्री भएको छ। सामान्य अङ्कले कारोबार बढे पनि कारोबार भने उच्च अङ्कले बढेको छ। गत बिहीबार भने नेप्से साढे १६ अर्बको सेयर खरिदबिक्री भएको थियो।

नेप्सेका १३ उपसमूहमध्ये ५ उपसमूहको परिसूचक बढेको छ भने ८ उपसमूहको परिसूचक घटेको छ। जसमा अन्य उपसमूहको परिसूचक ३.३६ प्रतिशत, होटल तथा पर्यटन, जीवन बिमा र निर्जीवन बिमा उपसमूहको परिसूचक १ प्रतिशतभन्दा बढी बढेको छ।

चार कम्पनीको शेयर सकारात्मक सर्किट लेभलमा कारोबार भएको छ। जसमा उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था, सान्भि इनर्जी, ट्रेड टावर र शिव श्री हाइड्रोपावरको शेयर सकारात्मक सर्किट लेभलमा कारोबार भएको नेप्सेले जनाएको छ।

तर यता समृद्धि फाइनान्सको सेयरमूल्य भने ८.८८ प्रतिशत घटेको छ। कारोबार रकमका आधारमा नेपाल पुनर्बिमा कम्पनी कम्पनीको ९८ करोड ५५ लाख रुपैयाँ बराबरको सेयर कारोबार भएको छ।

# अबको यात्राः समृद्ध नेपालका लागि विराट एकताको संकल्प



किसन ज्ञवाली

*नेपाल प्राकृतिक सम्पदाले भरिएको, साँस्कृतिक विविधताले सजिएको र सम्भावनाले चम्किरहेको देश हो, जसलाई विश्वको आकर्षक गन्तव्य बनाउने समय यही हो। तर त्यसका लागि राष्ट्रव्यापी विराट एकता, स्थायित्वयुक्त देश भक्त नेतृत्व र स्पष्ट राष्ट्रिय दिशा आवश्यक छ। राजनीतिक स्थायित्व, युवा पुस्ताको ऊर्जा, प्रविधिमा आधारित विकास र प्राकृतिक स्रोतको वैज्ञानिक उपयोगमार्फत् देशलाई आत्मनिर्भर बनाउनु अहिलेको प्रमुख आवश्यकता हो। केपी शर्मा ओलीजस्तो अनुभवी, निडर र राष्ट्रप्रेमी नेतृत्वले मात्र विविधताबिच एकता कायम राख्दै समृद्धिको यात्रामा मुलुकलाई अघि बढाउन सक्छ। मलेसिया, सिङ्गापुर, युएई र चीनले जस्तै दूरदृष्टि र प्रतिबद्ध नेताको अगुवाइमा राष्ट्रको रूपान्तरण सम्भव छ।*

नेपाल, जहाँ हिमालका चुचुराले आकाश छुन खोज्छ, बुद्धको शान्तिको सुवासले संसार मुग्ध बनाउँछ, सीताको सत्यताले विश्वास जगाउँछ र जहाँ हरेक ढुंगा, माटो, पानी र पसिनामा सम्भावनाको बिउ रोपिएको छ, त्यो नेपाल आज एक नयाँ युगको ढोका खोल्न तयार छ। तर, सम्भावना एक्लैले पुग्दैन, त्यसलाई मूर्तरूप दिन विराट एकता चाहिन्छ–एक यस्तो एकता, जुन देशलाई बृहत् परिवर्तनको दिशामा अघि बढाउनेछ।

नेपाल प्राकृतिक सम्पदाले भरिएको, साँस्कृतिक विविधताले सजिएको र सम्भावनाले चम्किरहेको देश हो, जसलाई विश्वको आकर्षक गन्तव्य बनाउने समय यही हो। तर त्यसका लागि राष्ट्रव्यापी विराट एकता, स्थायित्वयुक्त देश भक्त नेतृत्व र स्पष्ट राष्ट्रिय दिशा आवश्यक छ। राजनीतिक स्थायित्व, युवा पुस्ताको ऊर्जा, प्रविधिमा आधारित विकास र प्राकृतिक स्रोतको वैज्ञानिक उपयोगमार्फत् देशलाई आत्मनिर्भर बनाउनु अहिलेको प्रमुख आवश्यकता हो। केपी शर्मा ओलीजस्तो अनुभवी, निडर र राष्ट्रप्रेमी नेतृत्वले मात्र विविधताबिच एकता कायम राख्दै समृद्धिको यात्रामा मुलुकलाई अघि बढाउन सक्छ। मलेसिया, सिङ्गापुर, युएई र चीनले जस्तै दूरदृष्टि र प्रतिबद्ध नेताको अगुवाइमा राष्ट्रको रूपान्तरण सम्भव छ।

• स्थायित्व र सक्षम नेतृत्वको आधार, बन्न सक्छ केपी ओलिको सक्षम नेतृत्व –दृष्टिकोण स्पष्ट, सिद्धान्तमा अडिग र जनसमर्थनले भरिएको दल–नेकपा एमाले। आजको अस्थिर र द्विविधामा रुमलियको राजनीतिक परिवेशमा केपी शर्मा ओलीजस्तो दूरदर्शी, निडर र राष्ट्रवादी नेताको आवश्यकता झन् बढेको छ। उनका निर्णयहरू सुसंगठित र राष्ट्रहितमा केन्द्रित छन्, जुन दीर्घकालीन स्थायित्वका लागि अनिवार्य छ।

**• नेपालका भौगोलिक र प्राकृतिक स्रोतः समृद्धिको आधारशिला–**

हिमाल, पहाड, तराईले सजिएको नेपाल विश्वमै दुर्लभ भौगोलिक विविधता भएको राष्ट्र हो। जलस्रोत, वनजंगल, खनिज, जडीबुटी–यी सबै सम्पत्तिहरू हामीसँग छन्, तर उपयोगको अभाव छ। यी स्रोतहरूलाई वैज्ञानिक तरिकाले व्यवस्थापन गर्न सक्ने सोंच ओलीसँग छ। उनले अघि सारेका पूर्वाधार विकासका योजना, जस्तै जलविद्युत्, कृषि आधुनिकिकरण, र आन्तरिक पर्यटन प्रवर्धन–यी सबले आत्मनिर्भर नेपालको बाटो देखाउँछ।

**• युवाः राष्ट्र निर्माणका मेरुदण्ड हुन्–**

नेपालका युवाहरू जागरूक छन्, देशप्रति भावुक छन्, तर नेतृत्व पाउन आतुर छन्। उनीहरूको क्षमता, ऊर्जा र सपना नीतिमा रूपान्तरण गर्न अनुभवी नेतृत्व आवश्यक छ। ओलीको नेतृत्वमा युवालाई अवसर र दिशा दिन सकिन्छ-नेतृत्वमा सहभागी गराउँदै, देशभित्रै रोजगारीको वातावरण सिर्जना गर्दै, प्रविधिमा दक्षता अभिवृद्धि गर्दै। प्रविधि, सीप र ज्ञानमै आधारित भविष्य निर्माणको माहायज्ञमा युवाहरूलाई सामेल गराउनु छ। यो २१औं शताब्दी प्रविधिको युग हो। केवल कच्चा श्रम होइन, अब ज्ञानयुक्त श्रमशक्ति आवश्यक छ। ओलीको सोंचअनुसार आधुनिक प्रविधि, अनुसन्धान र सूचना प्रविधिमा नेपालको उपस्थिति आवश्यक छ। त्यसका लागि नीतिगत रूपान्तरण, सीपमूलक शिक्षा र निजी क्षेत्रको सहकार्य अपरिहार्य छन्। आत्मनिर्भरता अब सम्भव छ, यदि प्रविधिलाई अंगालिन्छ भने।

**• अन्तर्राष्ट्रिय उदाहरण नेपाल पनि बन्न सक्छ !**

मलेसिया, सिङ्गापुर, युएई, चीन–यी मुलुकहरू पनि कुनै बेला हाम्रो जस्तै संघर्षशील थिए। उनीहरूलाई मार्गदर्शन दिने नेताहरू थिए–महाथिर मोहम्मद, लि क्वान यु, देङ स्याओ पिङ, शेख जायेद। आज नेपालसँग पनि त्यो अवसर छ, त्यो क्षण छ, त्यो सम्भावना छ। अब चाहिएको छ-त्यो नेतृत्व जसले मुलुकको दिशा परिवर्तन गर्न सक्छ। त्यो नेतृत्व ओलीमा देखिन्छ।

**• विविधता भित्रको विराट एकता–**

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसाँस्कृतिक मुलुक हो। यही विविधता हाम्रो शक्ति हो, कमजोरी होइन। अब दलगत र गुटगत राजनीति होइन, राष्ट्रगत भावना आवश्यक छ। ओलीले 'पहिले देश, पछि दल' को सन्देश दिनसक्छन्। सबै नेपालीलाई एउटै सूत्रमा बाँध्ने बेला यही हो। त्यो विविधताभित्रको एकताको डोरि केपी ओलीलाई राम्रोसँग थाहा छ, त्यो भनेको सुखी नेपाली समृद्ध नेपालको राष्ट्रिय आकंक्षा हो। सुख हो, शान्ति हो, समृद्धि हो, रोजगारी हो, समानता हो, प्रत्येक नागरिकको आत्म सम्मान हो।

**• राष्ट्रसेवामा समर्पित नेतृत्व–**

केपी शर्मा ओली कुनै चकमक भाषणका नेता होइनन्। उनीसँग कार्यान्वयनको इतिहास छ, जनताको मर्म बुझ्ने आँखा छ। उनलाई व्यक्तिगत स्वार्थभन्दा पनि राष्ट्रको उज्यालो भविष्य प्रिय छ। नेपालको मेचीदेखि माहाकालीसम्म, हिमालदेखि तराईको हावा-पानी, पाखा-पखेराको प्रत्येक स्पन्दन-स्पन्दनको जानकारी उहाँमा छ। अबको आवश्यकता उनको मिसन, भिजन र गोलमा नेतृत्वलाई सशक्त साथ दिनु हो।

**निष्कर्षः**

अब समय आयो-हामी सबैले हातेमालो गर्ने। जात, भाषा, धर्म र भूगोलभन्दा माथि उठेर एकजुट हुने। प्रविधि, सीप, विचार र श्रमलाई राष्ट्र निर्माणमा लगाउने। हाम्रै पुस्ताले बनाउने हो-विश्व समुदायको गन्तव्य नेपाल।

*मलेसियालाई महाथिरले बनाए,*
*सिङ्गापुरलाई लि क्वान युले बनाए,*
*चीनलाई देङ स्याओ पिङले बनाए,*
*युएईलाई शेख जायेदले बनाए,*

अब नेपाल बनाउने जिम्मेवारी ओलीको नेतृत्वमा हामी युवाहरूको काँधमा आएको छ। आउँ, समृद्ध नेपालको सपना साकार बनाऔं।

*विराट एकताको संकल्प गरौं !*
*समृद्ध नेपाल, सुखी नेपाली*
*विश्वको आकर्षणः नव नेपाल*

(लेखक ज्ञवाली नेकपा एमाले बुटवलका निवर्तमान अध्यक्ष तथा रूपन्देहीका नेता हुन्।)

# सात्विक भोजनमा प्याज र लसुन किन खाइँदैन ?

खानपानको उद्देश्य केवल पेट भर्ने होइन, बरु जीवनलाई शुद्ध र सन्तुलित बनाउने हो। पूर्वीय दर्शन र आयुर्वेद यसै भन्छ। दर्शनअनुसार शरीर, मन, आत्मालाई शान्त, स्वस्थ र ऊर्जावान बनाउन सात्विक भोजन खानुपर्छ।

आयुर्वेद र योगले खानालाई तीन प्रकारमा बाँड्छ- सात्विक, राजसिक र तामसिक। यसमध्ये सात्विक भोजनलाई शुद्ध, सुपाच्य र आध्यात्मिक उन्नतिका लागि सर्वोत्तम मानिन्छ।

तर, प्याज र लसुनलाई सात्विक भोजनमा समावेश गरिँदैन। किन ?

पहिला बुझौं, यी खानाबारे।

संस्कृत शब्द सात्विकको अर्थ शुद्ध, सत्य, नैतिक, ऊर्जावान, स्वच्छ, बलियो, बुद्धिमान र जीवित वा अति आवश्यक हो। सात्विक खानामा प्रकृतिले दिएको मौसमी फलफूल र तरकारी, दूध र दुग्धजन्य पदार्थ, अन्न, ताजा फलफूलको रस, दाल, मह र चिया समावेश छन्। जसमा गुलियो, नुनिलो, अमिलो, टर्रो, पिरो र तितो रस पाइन्छन्। यी रसहरूको मात्रा मिलाएर दैनिक खाँदा पूर्णपोषण मिल्ने बताइन्छ। यद्यपि, यी खानेकुरा खाएर मात्र हुँदैन, खाने समय, मात्रा र शरीरको मागमा पनि ध्यान दिनुपर्ने हुन्छ। सात्विक खानेकुराले शारीरिक बल, मानसिक स्वास्थ्य र दीर्घायु हुने विश्वास गरिन्छ। यस्तो खानाको सेवनले तन र मन शुद्ध हुने, शक्ति मिल्ने, सुन्दरता र प्रसन्नता मिल्ने बताइन्छ।

खानाले मन शान्त, शरीर स्वस्थ र आत्मालाई उच्च बनाउँछ।

त्यस्तै, राजसिक भोजनमा प्याज, लसुन, खुर्सानी र मसालेदार खानाहरू पर्छन्, जसले मन र शरीरमा उत्तेजना ल्याउँछ। यस्ता खानाले मनलाई अस्थिर र इन्द्रीयहरूलाई भौतिक सुखतिर आकर्षित गर्छ।

राजसिक खानाले मनमा उत्तेजना र अस्थिरता ल्याउँछ भनिन्छ।

प्याज र लसुनलाई राजसिक र तामसिक गुण भएको मानिन्छ, जसले सात्विक भोजनको शुद्धतासँग मेल खाँदैन। तामसिक भोजनमा बासी, अति प्रशोधित र फर्मेन्टेड खानाहरू जस्तै पुरानो खाना, क्यान्ड फूड र रोटीजन्य पदार्थ पर्छन्। मासु, माछा, अण्डा, रक्सी, र अन्य मादक पदार्थहरू पनि तामसिक मानिन्छन्। यस्ता खानाले मनलाई सुस्त, उदास र शरीरलाई भारी बनाउने विश्वास छ।

**प्याज र लसुन किन शुद्ध मानिँदैन ?**

आयुर्वेद भन्छ - यिनीहरू तातो र उत्तेजक हुन्छन् आयुर्वेदमा प्याज र लसुनलाई 'उष्ण' अर्थात् तातो प्रकृतिको खाना मानिन्छ। यिनले शरीरमा पित्त (ताप र जलनसँग सम्बन्धित) बढाउन सक्छन्, जसले अम्लपित्त (एसिडिटी), रिस, तनाव वा जलन जस्ता समस्या निम्त्याउछ। सात्विक भोजनको लक्ष्य भनेको शरीर र मनलाई शीतल र सन्तुलित राख्नु हो। प्याज र लसुनको तीव्र स्वाद र गन्धले इन्द्रीयहरूलाई उत्तेजित गर्छ, जसले मनलाई अस्थिर बनाउन सक्छ। उदाहरणका लागि, लसुनको गन्धले एकाग्र हुन नदिई ध्यान भंग गर्न सक्छ, जुन सात्विक जीवनशैलीमा ठिक हुँदैन।

**योगी भन्छन् - ध्यान र प्राणमा बाधा पुग्छ**

योगीहरूका लागि खानाको काम शरीर र मनलाई ध्यान, प्राणायाम र आध्यात्मिक साधनाका लागि तयार गर्नु हो। प्याज र लसुनले मनमा उत्तेजना र अशान्ति ल्याउन सक्छ, जसले गहिरो ध्यानमा बाधा पुऱ्याउँछ। भगवद् गीतामा पनि यस्ता खानालाई राजसिक र तामसिक भनिएको छ, जुन योगीको शान्त मनका लागि उपयुक्त हुँदैन।

योगमा प्राण (जीवन ऊर्जा) को प्रवाह महत्त्वपूर्ण हुन्छ। प्याज र लसुनले शरीरमा ताप बढाएर सूक्ष्म नाडीहरू (जस्तै इडा, पिंगला) मा अवरोध ल्याउन सक्छ। यो योग र ध्यानका लागि अनुकूल हुँदैन।

**धार्मिक र सांस्कृतिक कारण**

हिन्दू, जैन र बौद्ध परम्परामा प्याज र लसुनलाई अशुद्ध मानिन्छ। यिनको तीव्र गन्ध र स्वादले मनलाई भौतिक सुखतिर तान्ने विश्वास छ। जुन आध्यात्मिक साधनाको बाटोमा बाधक हुन्छ। पूजा, यज्ञ वा धार्मिक अनुष्ठानमा यस्ता खाना प्रयोग गरिँदैन, किनभने यिनले मनलाई अशान्त बनाउँछन्।

जैन धर्ममा त प्याज र लसुनलाई कन्दमूल मानिन्छ, जसको खेती र तयारीमा सूक्ष्म जीवहरूलाई हानि पुग्छ। जैन दर्शनको अहिंसाको सिद्धान्तअनुसार यस्ता खानाबाट टाढा रहनुपर्छ।

**स्वास्थ्यको दृष्टिकोण**

स्वास्थ्यको हिसाबले भने ठिक्क मात्रामा प्याज र लसुनमा एन्टिब्याक्टेरियल र रक्तचाप नियन्त्रण गर्ने गुण हुन्छ। तर, यिनको अत्यधिक सेवनले पेट पोल्ने, ग्यास वा अम्लपित्त निम्त्याउन सक्छ। यी खानेकुरामा सल्फर यौगिक हुन्छ, जसले सास र पसिनाको गन्ध तीव्र बनाउँछ। प्याज र लसुन स्वास्थ्यका लागि फाइदाजनक भए पनि सात्विक भोजनको उद्देश्यसँग मेल खाँदैनन्।

यो भोजन शारीरिक स्वास्थ्यभन्दा माथि उठेर मन र आत्मालाई शुद्ध बनाउनमा केन्द्रित छ।

सात्विक भोजनले सजिलै पच्ने र हल्का खाना खान जोड दिन्छ, जुन प्याज र लसुनको भारी र तीव्र स्वभावसँग मेल खाँदैन।

**मनमा असर**

सात्विक भोजनको लक्ष्य मनलाई शान्त, स्पष्ट र एकाग्र बनाउनु हो। तर, प्याज र लसुनले मनमा उत्तेजना, अस्थिरता वा कामवासना जस्ता भावना ल्याउन सक्छ। विशेषगरी ब्रह्मचर्य पालना गर्ने साधकहरूका लागि यी खाना उपयुक्त हुँदैनन्, किनभने यिनले यौन इच्छा वा आवेग बढाउन सक्छ।


विनयी त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दुम्किबास, नवलपरासी (बर्दघाट–सुस्तापूर्व)
गण्डकी प्रदेश, नेपाल

पत्रपत्रिकामा बिज्ञापन एवं सूचना प्रकाशन गर्ने सम्बन्धि शिलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना

प्रथम पटक प्रकाशन मितिः २०८२/०४/०५

विनयी त्रिबेणी गाउँपालिकाले चालु आर्थिक वर्षको असार मसान्त सम्म राष्ट्रिय दैनिक पत्रिकामा (क वर्ग) प्रतिस्पर्धा मार्फत सवै भन्दा न्यून/बढी छुट कबोल गर्ने फर्मबाट विज्ञापन/सूचना प्रकाशन कार्य गर्नु पर्ने भएकाले सो सम्बन्धी कार्य गर्न ईजाजत प्राप्त ईच्छुक विज्ञापन एजेन्सी वा फर्महरुबाट प्रस्ताव पेश गर्न यो १५ दिने सूचना प्रकाशन गरिएको छ। यस विषयमा विस्तृत जानकारी यस कार्यालयको वेबसाईट www.binayitribenimun.gov.np मार्फत लिन सकिने छ। सो सम्बन्धी थप बुझ्नु परेमा गाउँपालिकाको खरिद ईकाईमा सम्पर्क गर्न सकिनेछ।

| S.N. | Contract ID | Description of Works | Estimate Amount with VAT | Bid Security Amount (NRs.) | Cost of Bid Document (NRs.) | Last Date of Bid submission | Bid Valid Period | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|---|
| 1 | 01/BTRM/ SQ/ Goods/ 2082-083 | Procurement of Service For Publishing News on National Daily Newspaper ( A-Grade ) | 1900000 | 57000 | 1000 | 2082/04/20 (5th, Aug, 2025) Before 12:00 | 75 Days | 2082/04/20 (5th, Aug, 2025) Before 1:00 |

| | |
|---|---|
| Cost of Bidding Document in Bank | Name of the Bank: Siddharth Bank LTD Dumkibas branch, Nawalparasi(East ) Name of Office: Binayi Tribeni Rural Municipality, Nawalparasi (East) Binayi Tribeni Gaunpalika GA1.1 Aantarik Rajashwo Khata : 00815413078 |
| Cost of Bid Security in Bank | Name of the Bank: Siddhartha Bank LTD Dumkibas, Nawalparasi(East) Name of Office: Binayi Tribeni Rural Municipality, Nawalparasi(East) Binayi Tribeni Gaunpalika GA03 Dharauti Khata. : 00815153326 |

प्रमुख प्रशासकीय अधिकृत



**एक सय दुई रोपाहारले रोपाइँ गरिँदैः**
गुल्मीको धुर्कोट गाउँपालिका- ६ रजस्थलस्थित कृषक मेघनाथ अर्यालको खेतमा एक सय दुई जना रोपाहारले रोपाइँ गर्दै । वर्षायाम सुरु भएसँगै जिल्लामा रोपाइँको चटारो बढेको छ भने मेघनाथको एकैदिन सय रोपनी खेतमा धान रोपिएको छ । तस्विरः हुमाकान्त पोखरेल

# जीर्ण सडक र बजारको अस्तव्यस्तताले कुरुप बन्दै लिबाङ

**नवीन लोचनमगर**
*रोल्पा*

रोल्पाको सदरमुकाम हो, लिबाङ बजार । रोल्पाको एकमात्र नगरपालिका रहेको रोल्पा नगरपालिकाको मुख्य बजार पनि यहीँ हो । लिबाङ बाहिरबाट हेर्दा जति सुन्दर छ, भित्री सडकको अवस्था त्यतिकै कुरुप बन्दै गएको छ । सडकमा रहेको कालोपत्रे उक्किनुका साथै नालीहरु बिग्रिनु तथा जथाभावी पार्किङ् गरिएका कारण अस्तव्यस्त बनेको छ ।

करिब चारवर्षअघि मर्मत गरिएको बजारक्षेत्रको करिब १ किलोमिटर सडक अहिले पुनः जीर्ण भएको छ । सडकमा खाल्टाखुल्टी भएका कारण दुर्घटनाको जोखिमसमेत बढेको छ । 'सडक जीर्ण बन्दै गइरहेको छ, तर कसैले वास्ता गरेको छैन' लिबाङ बिचबजारकी व्यवसायी नौली डाँगीले भनिन्-'मर्मत गर्न कसैले चासो नदिएका कारण दुर्घटनाको जोखिम बढ्दै गएको छ ।' मुख्य सडकलाई अतिक्रमण गर्ने प्रवृत्ति पनि बढेको, तर कसैले वास्ता नगरेको उनको गुनासो छ ।

लिबाङको भित्रि सुन्दरता गुम्दै गएकोप्रति स्थानीयवासी चिन्तित छन् । 'बजारमा सडक भत्किएर नाजुक अवस्था देखिन्छ,' स्थानीय तिलचन्द्र आचार्यले भने-'सडकका खाल्टाखुल्टीमा पानी जमेका छन्, विद्यालय आउजाउ गर्ने बालबालिकालाई धेरै सास्ती छ, जुन सरकारले बनाए पनि छिटो मर्मत गर्नुपर्‍यो ।' वर्षात्को समयमा बजारका नाला बन्द भएर पनि समस्या हुने गरेको छ । नाला बन्द भएका कारण लिबाङको टुँडिखेल आसपासमा ठूलो पानी पर्दा फोहोरको डुंगुर देखिन्छ । 'हरेक शनिबार बजारवासीले बजार सरसफाइ गर्दै आएका छौं,' स्थानीय व्यवसायी मनबहादुर नेपालीले भने-'नाला बन्द भएर धेरै फोहोर सडकमा थुप्रिन्छ, त्यसको सफाइ र नाला खोल्नतिर ध्यान दिनुपर्‍यो ।'

**अब मर्मत गर्छौंः नगरप्रमुख**

रोल्पा नगरपालिकाका प्रमुख सुरेन्द्र थापा घर्तीले संघीय सरकारको बजेटबाट कालोपत्रे एवम् मर्मत गर्दा बजारक्षेत्र र जलजला क्याम्पस रोड छुटेको बताए । 'सदरमुकाम आसपासका १२ वटा सडक एकैपटक कालोपत्रे तथा मर्मत गरिएको थियो, त्यसबेला दुईवटा सडक छुटेका थिए,' नगरप्रमुख घर्तीले भने-'पहिले सडक विभागबाट पनि मर्मत भएको थियो, अब कसैले नगरेपछि नगरपालिकाले नै गर्छ ।' उनले बजारक्षेत्रको सडक र नाली सफाइका लागि सडक विभागको बजेटसँग साझेदारी गरेर काम गर्ने बताए ।

सडकको अस्तव्यस्तता जथाभावी पार्किङ्ले पनि बढाएको छ । यसअघि जिल्ला प्रहरी कार्यालय रोल्पा र नगरपालिकाले पार्किङ्का लागि निश्चित क्षेत्र निर्धारण गरेको थियो । पार्किङ् केही व्यवस्थित हुँदा बजार पनि सुन्दर देखिएको थियो । तर उक्त व्यवस्थापन लामो समय टिक्न सकेन ।

जथाभावी पार्किङ्लाई व्यवस्थापन गर्नुपर्नेमा प्रशासन तथा नगरपालिका उदासिन भएको स्थानीयको आरोप छ । बजारको सुन्दरतालाई बचाइराख्न सडक मर्मत, पार्किङ् व्यवस्थापन, सडक पेटीसम्म बेच्नमा राखिएका सामान हटाउने, नाली मर्मतलगायतका काम गर्नुपर्ने देखिन्छ ।

## सहकारीका...

'प्रदेशमा दर्ता अधिकारीको कार्यालय सञ्चालनमा आएलगत्तै यस्ता निर्देशन आएको र प्रभावकारी अनुगमन भएको भए अहिलेको अवस्था आउने थिएन,' पंगेनी भन्छन्-'ढिलै भए पनि आएको निर्देशन स्वागतयोग्य छ, यसको अक्षरशः पालना भएको खण्डमा सहकारीमा सुशासन कायम हुन सक्छ ।'

प्रदेश सहकारी दर्ता अधिकारी सुरेशचन्द्र आचार्यले कार्यालयले जारी गरेका निर्देशन पालना गरे-नगरेको कडाईका साथ अनुगमन गरिने र अटेर गर्नेमाथि कारबाही गरिने बताए । 'सहकारीमा सुशासन अपरिहार्य छ,त्यसका लागि हामी कुनै सम्झौता गर्दैनौं'-आचार्यले भने । उनले सरकारले दरबन्दी अनुसार कर्मचारी दिनुपर्ने बताए । अहिले प्रदेशका १२ जिल्लाका ८५० वटा सहकारी संस्था अनुगमनका लागि ४ जना मात्र कर्मचारी छन् । दरबन्दी १३ जनाको भए पनि सबै पद पूर्ति भएको छैन ।

प्रदेश कार्यक्षेत्र भएका ८५० सहकारी सञ्चालनमा भए पनि आधारभूत विवरण फारम (कोपोमिस) मा ८१७ वटा सहकारी मात्र दर्ता भएका छन् भने पासवर्ड वितरण भएका ५५३ र लगइन भएका ५४१ सहकारी छन् ।

कार्यालयका अनुसार आर्थिक वर्ष २०८०/८१ को प्रतिवेदन पेश गरेका सहकारीको संख्या ४२३ छ । यो तथ्यांकअनुसार झण्डै आधा सहकारीले प्रमुख नियामक निकायमा वार्षिक प्रतिवेदन समेत पेश गरेका छैनन् ।

विवरण पेश गरेका सहकारीमा ३ लाख ९ हजार ५५९ जना शेयर सदस्य, ३१ अर्ब ३३ करोड ४२ लाख ४२ हजार १८६ रुपैयाँ बचत, ४ अर्ब ७७ करोड २३ लाख ३५ हजार ६४० रुपैयाँ शेयर लगानी र ३१ अर्ब ६३ करोड ९८ लाख ४८ हजार ३८४ रुपैयाँ कर्जा लगानी भएको छ ।

**उजुरी र गुनासो परेका २५ सहकारी**

उजुरी र गुनासो परेका सहकारी संघ/संस्थाहरुमा नमस्ते बचत तथा ऋण बर्दिया, नमस्ते बचत तथा ऋण बाँके, देउखुरी बचत तथा ऋण दाङ, आयाम बहुउद्देश्यीय रुपन्देही र सुनौलो बहुउद्देश्यीय रुपन्देही रहेका छन् । यस्तै आगन्तुक बचत तथा ऋण रुपन्देही, मार्गदर्शन बहुउद्देश्यीय रुपन्देही, सुप्रिम बचत तथा ऋणरुपन्देही, राजधानी बचत तथा ऋण दाङ, नागरिक बचत तथा ऋण सहकारी दाङ, राष्ट्रिय बचत तथा ऋण सहकारी गुल्मी रहेका छन् । यस्तै साइन बहुउद्देश्यीयरुपन्देही,सार्थकबहुउद्देश्यीयरुपन्देही,मञ्जुश्री बहुउद्देश्यी यरुपन्देही, त्रैयम्बकम जडीबुटी भैरहवा, विश्वविराटबहुउद्देश्यीयरुपन्देहीरहेकाछन्।यस्तैसप्तदिप बहुउद्देश्यीयरुपन्देही,उपकारबहुउद्देश्यीयरुपन्देही,उपदेश बहुउद्देश्यीय रुपन्देही, जनसेवा बहुउद्देश्यीय दाङ,पाल्हीबहुमुखीपश्चिमनवलपरासी,स्टार बहुउद्देश्यीय रुपन्देही, मेगा बचत तथा ऋण बाँके, सनराइज बहुउद्देश्यीय बुटवल र डिंगरनगर दूरगामी बहुउद्देश्यीय सहकारी तिलोत्तमा उजुरी र गुनासो परेका सहकारी हुन् ।

## बुटवल...

पूर्वी पश्चिम नवलपरासी र रुपन्देहीको बजार क्षेत्रमा ६ लेन, जंगलमा ४ लेन र दाउन्नेमा ३ लेनको सडक निर्माण भइरहेको बुटवल-नारायणगढ सडक निर्माणको काम १७ अर्बमा चिनियाँ ठेकेदारले ठेक्का लिएको हो ।

यसैबिच दाउन्ने खण्ड एक वर्षमा ६३ पटक अवरुद्ध भएको छ । नवलपुरको विनयी त्रिवेणी गाउँपालिका-२ अन्तर्गत पर्ने दाउन्ने क्षेत्र २०८१ साल साउन १ देखि २०८२ असार ३२ गतेसम्म ६३ पटक सडक अवरुद्ध भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय नवलपुरले जनाएको छ ।

दाउन्ने क्षेत्रको पनि विश्वकर्मा मन्दिर, घ्यूखोला, त्रियासी मोडलगायत क्षेत्रमा दर्जनौँपटक सडक अवरुद्ध भएको छ । १४ किलोमिटर दूरी रहेको दाउन्ने क्षेत्रमा गत आर्थिक वर्ष विगतको भन्दा धेरै पटक सडक अवरुद्ध भएको जिल्ला ट्राफिक प्रहरीले जनाएको छ ।

## भैरहवा...

भन्सारका अनुसार डबल पिकअप गाडी, शुद्ध फलाम, मोवाइल-टेलिफोन, एमएस बिलेट, चकलेट र एलपी ग्यास समेतबाट अर्बौं रुपैयाँ राजस्व संकलन भएको छ । प्रमुख १० बस्तुको राजश्वमा योगदान ४४ अर्ब ८८ करोड ५३ लाख २७ हजार छ । यो कुल राजस्व अशुलीको ४७ दशमलव १५ प्रतिशत रहेको सूचना अधिकारी चौधरीले बताए ।

भन्सारका अनुसार गत वर्ष २०८१ को साउनमा ८ अर्ब ७७ करोड २२ लाख ३५ हजार असुली लक्ष्य रहेकोमा ७ अर्ब ३२ करोड ८१ लाख ८३ हजार, भदौमा ९ अर्ब ९१ करोड ४४ लाख २१ हजार लक्ष्य रहेकोमा ८ अर्ब ९२ करोड ७१ लाख ९१ हजार, असोजमा ८ अर्ब ७८ करोड १६ लाख ८६ हजार लक्ष्य रहेकोमा ८ अर्ब ८१ करोड ५१ लाख २५ हजार, कार्तिकमा ८ अर्ब ५७ करोड २७ लाख ८१ हजार लक्ष्य रहेकोमा ७ अर्ब १२ करोड ९७ लाख ८३ हजार, मंसिरमा ८ अर्ब ४७ करोड ६४ लाख ७१ हजार लक्ष्य रहेकोमा ६ अर्ब ९६ करोड ४३ लाख ४४ हजार राजस्व असुली भएको छ ।

यस्तै, पुसमा ८ अर्ब ५१ करोड ५३ लाख ८० हजार असुली लक्ष्य रहेकोमा ६ अर्ब ८६ करोड ६१ लाख ३४ हजार, माघमा ८ अर्ब ३२ करोड ९९ लाख ४४ हजार लक्ष्य रहेकोमा ७ अर्ब १४ करोड ७६ लाख ७ हजार, फागुनमा ९ अर्ब १३ करोड ३२ लाख २२ हजार लक्ष्यमा ७ अर्ब २३ करोड ४४ लाख १६ हजार, चैतमा ९ अर्ब ५७ करोड ९१ लाख ६२ हजार लक्ष्यमा ८ अर्ब २३ करोड ५२ लाख ७० लाख, बैशाखमा ९ अर्ब ३७ करोड ५० लाख ८७ हजार लक्ष्य रहेकोमा ८ अर्ब ९६ करोड १० लाख १९ हजार, जेठमा १० अर्ब ३८ करोड ५१ लाख ९८ हजार लक्ष्यमा ९ अर्ब ९० करोड २४ हजार र असारमा ९ अर्ब ४९ करोड ६६ लाख ६५ हजार लक्ष्य रहेकोमा ८ अर्ब ४९ करोड ४८ लाख २ हजार रुपैयाँ राजस्व संकलन भएको छ ।

कार्यालयले २०७८ मंसिरसम्म लक्ष्यअनुरुप सफलता हासिल गर्दै गए पनि पुस ५ गतेबाट लागु भएको प्रावधानले आयातमा कमि हुँदै आएको हो । मधेश आन्दोलन र नाकाबन्दीका बेला सहज मानिएको यो भन्सार नाका राज्यको लागि ठूलो योग्दान गरेको थियो । विस्तारै अन्य नाका सहज हुँदा सामानहरु पनि डाइभर्ट भएको छ ।

यहाँबाट लक्ष्य पार नहुनुको मुख्य कारण नै बाटोको समस्या रहेको भन्सारको बुझाइ छ । पुल भाँचिदा र सडक निर्माणको कार्यले गर्दा पनि केही अवरोध भएको हो । राजस्वमा मुख्य योगदान दिने बस्तु आयत घट्दा राजस्व लक्ष्य प्रभावित भएको छ गाडी, मोटरसाइकल, डिजल, पेट्रोल, औधोगिक कच्चा पदार्थहरुको आयातमा कमि आएको छ, यस्तै विभिन्न राजस्व छुट, चोरीतस्करी, भारतीय अवरोध तथा नीतिगत फेरबदल, बुटवल -नारायणगढ सडकको कठिनाइको कारण अन्य नाकाबाट काम गर्न आयातकर्ता बध्य भएको प्रमुखले बताए ।

पछिल्लो समय भन्सारले सेवा प्रवाह सरलीकृत गर्दै लगेको छ भने अवैध पैठारी रोक्न सीमा क्षेत्रमा गस्ती तिव्र पारेको छ । जस प्याज, कपडा, चिनी, सूर्ति जन्य बस्तु किरानाका सामान सहित मानिस र सवारीसाधनलगायतका लाखौं मूल्यका सामान बरामद भएको छ ।

भन्सार कार्यालयका अनुसार भन्सार कार्यालय, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी र अन्य निकायबाट बरामद गरिएको अवैध सामानका ११७४ वटा मुद्दा जिम्मेवारी सरी ३१ करोड ७१ लाख ९६ हजार मूल्य बराबरको अवैध सामान नियन्त्रणमा यहाँ आएको हो । यस्तै एक वर्षको अवधिमा र जिम्मेवारी सरि आएको मुद्दामध्ये ९ सय ४ वटा फछ्र्यौट भई २७० वटा मुद्दा फछ्र्यौट हुन बाँकी रहेको छ ।

भन्सार विभागले आर्थिक वर्ष २०८२-०८३ मा भने १ खर्ब १३ अर्बको लक्ष्य तोकेको छ ।


## नाम परिवर्तन गरिएको बारे सुचना

साबिक कृष्णदेवी सब मनि ट्रान्सफर एण्ड ट्राभल्स सेन्टर प्रा.लि. बुटवल उपमहानगरपालिका -९, रुपन्देही, ५ कम्पनी कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौमा दर्ता रहेको दर्ता नं 213989 नाम परिवर्तन कृष्णदेवी होलिडेज प्रा.लि. बनाईएको बनाईएको ब्याहोरा सर्बसाधरणमा जानकारी गर्दछौ ।

**डाईरेक्टर : श्री दिनेश कार्की**
९८५११३५१६९

## रैनादेवी छहरा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
छहरा पाल्पा ।

## Backhoe Loader भाडामा लिने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः२०८२/०४/०५

यस गाउँपालिका भित्र वर्षादको समयमा बिग्रिएका सडकहरु सोरसार गर्न दुई महिनासम्मको लागि डोजर भाडामा लिनुपर्ने भएकोले इच्छुक फर्म वा व्यवसायीहरुले निम्न शर्तको अधिनमा रहि रीतपूर्वक तपशिलका कागजातहरु संलग्न गरि सिलबन्दी दररेट पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | मेसिनको नाम | अधिकतमप्रति कार्यघण्टा दरभ्याट सहित(बकेट लोडर , डिजेल , अन्य इन्धन, लुब्रिकेन्ट, सम्पूर्ण मर्मत सम्भार खर्च र चालक सहचालक भत्ता (खाना ,खाजा र आवास सहित) | कैफियत |
|---|---|---|---|
| १ | BackHoe Loader | रु. २४६८.७० | |

- मिति २०८२/०४/१९गते कार्यालय समयभित्र सम्बन्धित व्यवसायीले आफ्नो कागजातको प्रमाणित प्रतिलिपि संलग्न गरि यस कार्यालयबाट फिर्ता नहुने रकम रु. १,०००.००(रु. एक हजार) राजस्व बुझाई सिलबन्दी दररेट फारम खरिद गर्नुपर्नेछ वा विद्युतीय माध्यमबाट https//:sutrarevenue.fcgo.gov.np बाट देहाय बमोजिमको शिर्षकमा भुक्तानी गर्न सकिनेछ ।
  बैंक को नामः Citizens Bank International Ltd.,(Chhahara Branch, Palpa)
  खाताको नाम : RainadeviChhahara ga.paga-1.1 AntarikRajaswaKhata
  खाता नंः ०६००१००००००११२०२ राजस्व शिर्षक नं. :१४२२९(anyaprasasaniksewasulka)
- इच्छुक फर्म वा व्यवसायीले उक्त सिलबन्दी दररेट फारम मिति २०८२/०४/२० गते विहान १२:०० बजे भित्र यस गाउँपालिकामा दर्ता गरिसक्नु पर्नेछ । उक्त सिलवन्दी दररेट फारम सोहि दिन दिउसो १:०० बजे खोलिनेछ ।
- सिलबन्दी दररेट पत्र दर्ता गर्ने वा खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा कार्यालय खुलेको दिन सोहि समयमा दर्ता वा खोलिनेछ ।
- एक पटक पेश भएको सिलबन्दी दररेट फिर्ता वा संशोधन गर्न सकिने छैन ।
- मेसिन भाडामा उपलब्ध गराउदा मेसिनको क्षमता अनिवार्य रुपमा उल्लेख गरेको हुनुपर्नेछ ।
- मेसिनले गाउँपालिकाको क्षेत्रभित्रका बाटोहरुको पहिरो हटाउने तथा मर्मत सम्भार कार्य गर्नुपर्नेछ । साथै गाउँपालिकाको लिखित निर्देशन अनुसार अन्य कार्यमा लगाउन सकिनेछ ।
- मेसिनको सम्पूर्ण मर्मत सम्भारको जिम्मा स्वयम व्यवसायीको हुनेछ ।
- मेसिन मर्मत गर्नुपर्ने भै एक दिन सम्म काम गर्न नसकेमा सो दिनको कार्य अर्को दिन गर्नुपर्नेछ। लगातार दुई दिन भन्दा बढी समयसम्म मेसिन संचालनमा आउन नसकेमा व्यवसायीले उस्तै क्षमताको अर्को मेसिनको व्यवस्था गरि कार्य सम्पन्न गर्नु पर्नेछ । तर लगातार दुई दिन भन्दा बढी समयसम्म मेसिन संचालनमा आउन नसकेमा र व्यवसायीले उस्तै क्षमताको अर्को मेसिनको व्यवस्था नगरेमा सोहि अवधिको रकम कट्टा गरि भुक्तानी गरिनेछ ।
- दरभाउपत्रमा अनिवार्य पेश गर्नुपर्ने कागजातहरू पेश गरेका दरभाउपत्रहरु मध्ये सबैभन्दा कम कबोलदरलाई सफल व्यवसायी मानिनेछ ।
- यस सूचना बमोजिम सफल हुने व्यवसायीले गाउँपालिकाको प्रचलित कानुन बमोजिम मेसिन सुचिकृत गरि सम्झौता बमोजिमको कार्य आरम्भ गर्नुपर्नेछ ।
- माथि जुनसुकै कुरा लेखिएको भएतापनि सम्झौता अवधिमा जम्मा रु दश लाख रुपैया भन्दा बढी नहुने गरि कार्य सम्पन्न गर्नुपर्नेछ ।
- माथि उल्लेख भएकोमा सूचना अनुसार र अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ । थप जानकारीको लागि कार्यालयको वेबसाइट www.rainadevichhaharamun.gov.np हेर्न सकिने छ ।
- दरभाउपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ ।

**दरभाउपत्रका साथ अनिवार्य पेश गर्नुपर्ने कागजातहरू**
- अध्यावधिक फर्म वा कम्पनी दर्ता प्रमाणपत्र र २०८०/८१ कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
- मेसिनको अध्यावधिक सवारीधनी दर्ता प्रमाणपत्र (ब्लुबुक), मेसिनको लिज सम्झौता भए सोको प्रतिलिपि ।
- मेसिनको हालको अवस्थामा प्रयोग गर्न योग्य रहेको भनि नेपाल इन्जिनियरिङ परिषदमा दर्ता मेकानिकल इन्जिनियरबाट प्रमाणित पत्र ।
- मेसिनको लिज सम्झौता भए सोको प्रतिलिपि ।
- व्यवसायीले कबोल गरेको दररेट सहितको निवेदन ।
- तोकिएको राजस्व तिरेको भौचर ।
- तेस्रो पक्ष बिमाको प्रमाणित कागजातहरुको प्रतिलिपि ।
- सवारी चालकको अनुमतिपत्र र नागरिकताको प्रतिलिपि ।
- यस पालिकाबाट खरिद गरी व्यवसायीले हस्ताक्षर सिलबन्दी दरभाउ फारम प्रमाणित सक्कल प्रति ।

**प्रमुख प्रशासकीय अधिकृत**

## Road Infrastructure Development Office
Gulmi

## Invitation for Bids

IFB No.: 01-082/083
Date of publication: July21, 2025

Road Infrastructure Development Office, Gulmi invites electronic bids from Nepalese eligible bidders for the Construction of differentRoads Works Constructionin Gulmi district under National Competitive Bidding(NCB)procedures. Interested Bidders may obtain further information through PPMO website www.bolpatra.gov.np/egp or on the notice board or the website of this office ridogulmi.p5.gov.np.

**Office Chief**

## Malarani Rural Municipality
Khanadaha, Arghakhanchi
Lumbini Province, Nepal

## REQUEST FOR PROPOSAL

Date of publication: 21-July,2025 (2082/04/05)

Malarani Rural Municipality, Khanadaha, Arghakhanchi invites Request for Proposal from eligible bidders for the procurement of Consultancy Services as mentioned below:

| IFB No. | Contract Name | Contract id | Bid Document Fee (NPR) | Last Date of Bid Submission |
|---|---|---|---|---|
| 1 | Preparation of Detail Project Report(DPR) of Deurali-Dandakateri-Khanadaha-Hangsapur-Dobato-PyuthanMotorable road for Malarani Rural Municipality | MRM/C/RFP/ 2081/082/01 | 1000.00 | 05/08/2025 12:00 (2082/04/20) |

For more details, please visit www.malaranimun.gov.np.or scan the QR code for full notice.

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



**प्रो. रामशाह शाहानी**
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

रु.जि.हु.द.न.१३/०६३/०६४
२०८२ साउन ०५ गते, सोमबार
Monday July. 21, 2025
न.प.जि.प्र.का.द.न.४/०४५/०४६
दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# ट्राफिक कारबाहीबाट करिव १८ करोड जरिवाना संकलन



लुम्बिनी संवाददाता
*बुटवल*

लुम्बिनी प्रदेशमा एक वर्षमा सवारी नियम उल्लंघन गरी सञ्चालन भएका सवारीसाधनबाट १७ करोड ८३ लाख ८३ हजार ४११ रुपैयाँ जरिवाना संकलन भएको छ।

नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय बुटवलमार्फत् आर्थिक वर्ष २०८१/०८२ मा प्रदेशका १२ वटै जिल्लामा गरिएको जाँचको क्रममा सवारी नियम उल्लंघन गर्ने १ लाख ७० हजार ८० वटा सवारीसाधनबाट उक्त जरिवाना संकलन भएको हो।

संकलित जरिवाना रकम अघिल्लो आर्थिक वर्ष २०८०/०८१ को भन्दा ४१ लाख ४५ हजार ९१६ रुपैयाँ बढी हो। अघिल्लो आर्थिक वर्षमा सवारी नियम उल्लंघन गर्ने सवारीसाधनबाट १७ करोड ४२ लाख ३७ हजार ५०३ रुपैयाँ जरिवाना संकलन भएको थियो।

अघिल्लो आर्थिक वर्ष २०८०/८१ मा भन्दा गत आर्थिक वर्ष २०८१/०८२ मा जरिवाना रकम बढी संकलन भएको थियो। सवारी नियम उल्लंघन गरी कारबाहीमा पर्ने सवारीसाधनको संख्या भने अघिल्लो आर्थिक वर्षमा भन्दा ६३ हजार १६ ले कमी हो। आर्थिक वर्ष २०८०/०८१ मा २ लाख ३३ हजार ९६ वटा सवारीसाधन कारबाहीमा परेका थिए।

नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय बुटवलका प्रमुख प्रहरी उपरीक्षक मित्रबन्धु शर्माले अघिल्ला वर्षहरूमा एउटै सवारीसाधन गन्तव्यमा नपुग्दासम्म दोहोरो तेहेरो चेकप्वाइन्टमा कारबाहीमा पर्ने गरेकोमा पछिल्लो समय एउटा चेकप्वाइन्टमा कारबाहीमा परेको सवारीसाधनलाई गन्तव्यमा नपुग्दासम्म अर्को चेकप्वाइन्टमा कारबाही गर्न रोकिएपछि सवारीसाधनको संख्या कमी देखिएको बताए।

शर्माका अनुसार सवारीसाधनको संख्यामा कमी देखिए पनि जरिवाना दस्तुर बढेका कारण जरिवाना रकम भने बढी संकलन भएको हो। सबैभन्दा बढी रुपन्देहीमा ५० हजार ४४१ वटा सवारीसाधन कारबाहीमा पर्दा ६ करोड ८ लाख ४९ हजार १२ रुपैयाँ जरिवाना संकलन भएको छ।

रूपन्देहीमा नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय बुटवलमार्फत् १ करोड १८ लाख ८७ हजार ३ रुपैयाँ र जिल्ला ट्राफिक प्रहरी कार्यालय रुपन्देहीमार्फत् ४ करोड ८९ लाख ६२ हजार ९ रुपैयाँ जरिवाना संकलन भएको हो।

बाँकेमा कारबाहीमा परेका ३७ हजार ४३५ वटा सवारीसाधनबाट ३ करोड २७ हजार ५०३, दाङमा २१ हजार ५९० सवारीसाधनबाट २ करोड ३१ लाख ६० हजार, कपिलवस्तुमा १३ हजार ५६१ वटा सवारीसाधनबाट १ करोड ४५ लाख ५० हजार र पश्चिम नवलपरासीमा ८ हजार ३ सय सवारीसाधनबाट १ करोड ६ लाख ९ हजार जरिवाना संकलन भएको छ।

त्यस्तै, बर्दियामा १२ हजार ३७८ सवारीसाधनबाट ९५ लाख ७० हजार, पाल्पामा ६ हजार १६८ वटा सवारीसाधनबाट ७३ लाख ५१ हजार ४५०, प्यूठानमा ४ हजार ४९१ सवारीसाधनबाट ५२ लाख ६५ हजार र रोल्पामा ४ हजार ३५२ सवारीसाधनबाट ५१ लाख ७ हजार ९४० रुपैयाँ जरिवाना संकलन भएको छ।

त्यसैगरी गुल्मीमा ५ हजार ३७८ वटा सवारीसाधनबाट ४४ लाख ३० हजार ५ सय, अर्घाखाँचीमा ३ हजार ६३ सवारीसाधनबाट ४२ लाख ३० हजार र रुकुम पूर्वमा २ हजार ९२३ वटा सवारीसाधनबाट ३२ लाख ३३ हजार रुपैयाँ जरिवाना संकलन भएको प्रहरी उपरीक्षक शर्माले जानकारी दिए।

त्यस्तै यातायात कार्यालयमार्फत् गरिएको जाँचको क्रममा कारबाहीमा परेका २७३ वटा सवारीसाधनबाट ३८ लाख ८५ हजार ८४५ रुपैयाँ जरिवाना संकलन भएको छ। ८४ लाख ९ हजार रुपैयाँ उठ्न बाँकी रहेको शर्माले जानकारी दिए।

ट्राफिक प्रहरीले सवारीसाधनको चेकजाँच र कारबाहीलाई तीव्र बनाई रहँदा सवारीसाधन दुर्घटनाका घटनामा भने वृद्धि भएको छ। अघिल्लो आर्थिक वर्ष २०८०/८१ मा १ हजार १२० सवारीसाधन दुर्घटना भएकोमा गत आर्थिक वर्ष २०८१/८२ मा भने ३ हजार ४७९ वटा सवारीसाधन दुर्घटनामा परेका छन्।

प्रहरी उपरीक्षक शर्मा भने अघिल्ला वर्षहरूमा मध्यम र गम्भीर दुर्घटनाका घटनालाई मात्र तथ्यांकमा समावेश गर्ने गरिएकोमा गत आर्थिक वर्षमा सामान्य दुर्घटनाको तथ्यांक समेत समावेश गरिएकोले संख्या बढी देखिएको दाबी गरे।

दुर्घटनामा परि मृत्यु हुनेहरूको संख्या भने अघिल्लो वर्ष र गत वर्षमा खासै अन्तर देखिएको छैन। अघिल्लो आर्थिक वर्ष २०८०/०८१ मा सवारी दुर्घटनामा परि ४९६ जनाको मृत्यु भएकोमा गत आर्थिक वर्ष २०८१/०८२ मा ५०६ जनाको मृत्यु भएको छ। जुन अघिल्लो वर्षभन्दा ९ जना बढी हो। गत वर्ष दुर्घटनामा परी ५ हजार ६९१ जना घाइते भएका छन्। यो संख्या सामान्य घाइतेको समेत हो।

# बुटवल अटोद्वारा व्यवसायी र मजदुरको स्वास्थ्य परीक्षण




बुटवल। बुटवल अटो इञ्जिनियरिङ एसोसिएसन रूपन्देही, लुम्बिनीको ३०औँ स्थापना दिवसको अवसरमा विभिन्न कार्यक्रम सुरु भएका छन्।

साउन ४ गते आइतबारदेखि सुरु भएको स्थापना दिवसको पहिलो कार्यक्रम निःशल्क स्वास्थ्य शिविर तथा रक्तदान कार्यक्रमको उद्घाटन गर्दै बुटवलका मेयर खेलराज पाण्डेयले आफू अटो व्यवसायीको हकहितमा काम गरिरहेको दाबी गर्दै आवश्यक बजेट तथा अन्य सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे।

उनले अब मैनाबगरमा इभी गाडीको पनि मर्मत हुनेगरी सम्पूर्ण व्यवस्थापनको कामहरु गर्न आग्रह गर्दै हरियाली मैनाबगर बनाउनुका साथै दानब नदी करिडोर क्षेत्रले विस्थापित हुने व्यवसायीको प्रतिस्थापनसहितको एजेण्डा पारित गरेर आउन सुझाब दिए।

उनले अटोभिलेजको क्षेत्रमा उप-महानगरले आफूखुसी निर्णय नगरेको बताउँदै आगामी दिनमा पनि निर्णय नगर्ने भएकोले सभाबाट पारित गरेर आएमा जस्तोसुकै कार्यकालागि पनि बुटवल सहकार्य गर्न तयार रहेको प्रतिबद्धता व्यक्त गरे।

कार्यक्रममा संस्थापक अध्यक्ष खड्कबहादुर गौतमले संस्था स्थापनाको अवस्था देखी अहिलेसम्म आइपुग्दाको बारेमा उल्लेख गर्दै अझै पनि जनशक्ति अभावको समस्या अटो क्षेत्रमा देखिइरहेको बताए। उनले यो क्षेत्रलाई राज्य तथा अन्य समुदायको नजरमा माथि उठ्न नसेकेको उल्लेख गर्दै सम्मान उचो हुनेगरी कार्य गर्न व्यवसायीलाई सुझाब दिए।

संस्थाका अध्यक्ष प्रेम गौचनले मैनाबगर क्षेत्रका सडकमा अब हिलो नहुने बताउँदै सडक तथा अन्य पूर्वाधारहरुले भरिपूर्ण बन्दै गइरहेको बताउँदै हाइमास्ट लाइटले रातीमा पनि काम गर्न सक्ने वातावरण बनिरहेको उल्लेख गरे।

बुटवल उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष टंक गैरेले अटो क्षेत्र यातायातको मुटु भएको बताउँदै बुटवल बनाएको गाडी भनेपछि निर्धक्क हुने मनस्थितिलाई जोगाइराख्न जरुरी रहेको उल्लेख गरे।

महासचिव पुनित पोखरेलले आइतबारदेखि सुरु भएको स्थापना दिवसको कार्यक्रमअन्तरगत साउन ६ गते वृक्षरोपण कार्यक्रम, ९ गते ब्याडमिन्टन प्रतियोगिता कार्यक्रम, १० गते फुटसल प्रतियोगिता तथा १३ गते समापन कार्यक्रम हुने जानकारी दिए।

आइतबार भएको स्वास्थ्य शिविरमा १ सय ८ जना अटो व्यवसायी तथा मजदुरको स्वास्थ्य परीक्षण गरिएको कार्यक्रम संयोजक एवं लेखा समिति संयोजक रोसन पाण्डेयले जानकारी दिए।

यता आयोजना भएको रक्तदानमा पनि १ सय ८ युनिट रगत संकलन भएको कार्यक्रम संयोजक एवं उद्योग उपाध्यक्ष ध्रुव राज भुसालले जानकारी दिए।

# नवीनमा विद्यार्थी अभिमुखीकरण



बुटवल। नवीन औद्योगिक कदरबहादुर रीता माध्यमिक विद्यालय देवीनगरमा कक्षा ११ विज्ञान, सिभिल इञ्जिनियरिङ र कानुन समूहमा अध्ययनरत विद्यार्थीहरुको अभिमुखीकरण कार्यक्रम आइतबार सम्पन्न भएको छ।

कार्यक्रममा प्रमुख अतिथि राष्ट्रिय परीक्षा बोर्ड लुम्बिनी प्रदेश परीक्षा व्यवस्थापन कार्यालय बुटवलका कार्यालय प्रमुख रमाकान्त तिवारीले विद्यालयले विद्यार्थीहरुको समग्र विकासका लागि नेतृत्व, व्यक्तित्व विकास, सामाजिकीकरण र जीवन उपयोगिताका विभिन्न सीपहरु प्रत्येक दिन सञ्चालन गरेर देशको एक उत्कृष्ट नमूना विद्यालय भएको बताउँदै विद्यार्थीहरुले रुची र लक्ष्यअनुसारका विषयहरु छनौट गरी लगनशिल भएर अध्ययन गर्न आग्रह गरे।

अभिमुखीकरण कार्यक्रममा उत्प्रेणात्मक वक्ता देवदह मेडिकल कलेज देवदहका डाक्टर आविष्कार पराजुलीले विद्यार्थीहरु कसरी प्रभावकारी रुपमा अध्ययन गर्ने, आमा, बुवा र गुरुको महत्व र प्रभावको उच्च सम्मान गर्ने साथी र संगतको कुलतबाट विद्यार्थीहरु जोगिनु पर्नेमा जोड दिँदै विद्यार्थी असल बन्ने र बिग्रने उमेर यही भएकोले यो उमेरलाई सदुपयोग गर्नेतर्फ लाग्न विद्यार्थीहरुलाई आग्रह गरे।

कार्यक्रममा विद्यालयका प्रधानाध्यापक प्रेमबहादुर बस्नेतले विद्यालयको समग्र अवस्थाको सम्बन्धमा सहजीकरण गरेका थिए भने विद्यालयका सहायक प्रधानाध्यापक अर्जुन खनालले विद्यार्थी आचारसंहिता २०८२ को बारेमा सहजीकरण गरेका थिए।

विद्यालयका प्रधानाध्यापक प्रेमबहादुर बस्नेतको अध्यक्षतामा कक्षा १२ विज्ञान समूहकी छात्रा आशिका दाहालको सञ्चालनमा सम्पन्न कार्यक्रममा विज्ञान समूह इन्चार्ज लक्ष्मी नारायण चौधरी, नवीन विद्यार्थी क्लबका अध्यक्ष सुवास पौडेललगायतले आ-आफ्ना धारणा राखेका थिए।

कार्यक्रममा महेन्द्र मा.वि. वामीका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सन्तोष शाक्यलगायतको सहभागिता रहेको थियो।

विद्यालयले व्यवस्थापन समूहअन्तरगत होटल व्यवस्थापनमा विशिष्टीकरणका विद्यार्थीहरुको अभिमुखीकरण कार्यक्रम साउन ५ गते बुटवल उपमहानगरपालिका वडा नं. ११ का वडा अध्यक्ष रामचन्द्र क्षेत्रीको प्रमुख आतिथ्यतामा र साउन ६ गते व्यवस्थापन समूहअन्तर्गत कम्प्युटर, वित्तशास्त्र, अर्थशास्त्र, बजारशास्त्र विशिष्टीकरणका विद्यार्थीहरुर शिक्षा समूहका विद्यार्थीहरुको अभिमुखीकरण शिक्षा विकास निर्देशनालय लुम्बिनी प्रदेशका निमित्त महानिर्देशक नारायणप्रसाद पोखरेलको प्रमुख आतिथ्यतामा आयोजना हुने विद्यालयले जनाएको छ।

# विद्युत्को डिजिटल मिटरको बिलिङ भरपर्दो बनाउन एनएचएको ज्ञापनपत्र



बुटवल। विद्युत्को खपत कम गर्दा पनि तुलनात्मकरुपमा बिल धेरै आएको भन्दै नेप्लिज होटेलियर्स एशोसिएसन (एनएचए) लुम्बिनीले नेपाल विद्युत् प्राधिकरण बुटवलमा ज्ञापनपत्र बुझाएको छ।

एशोसिएसनका अध्यक्ष प्रविणबहादुर पाठक, उपाध्यक्ष दिलिप गौचन, महासचिव विकास पाण्डे, सल्लाहकार महेन्द्रनारायण श्रेष्ठसहितको टोलीले प्राधिकरण बुटवल कार्यालय प्रमुख कपिलराज पाण्डेलाई ४ बुँदे ज्ञापनपत्र बुझाएको हो।

व्यवसायीहरुले डिजिटल मिटर प्रयोगमा आएपछि अस्वभाविक रुपमा बिल धेरै आएको गुनासो गरेका छन्।

व्यवसायीहरुले डिजिटल मिटरको सट्टा भरपर्दो वैकल्पिक मिटर जडानको व्यवस्था गर्न, डिजिटल मिटर जडानपश्चात् अस्वभाविक रुपमा बढेको युनिट तथा महशुल रकम समायोजन गर्न माग गरेका छन्।

यस्तै होटल प्यानलबाट लिइएको युनिट र प्राविधिक हिसाबबाट लिइएको युनिटमा समानता सुनिश्चित गर्न र अघोषित लोडसेडिङ तत्काल अन्त्य गर्न माग गरेका छन्। यदि लोडसेडिङ गर्ने भए तालिका सार्वजनिक गर्न पनि व्यवसायीको माग छ।

दैनिक रूपमा बारम्बार लाइन जाने, भोल्टेज तल माथि हुने जस्ता कारणले गर्दा इलेक्ट्रिक उपकरणहरुमा खराबी र पूर्णरूपमा नष्ट हुने समस्या आउँदा ठूलो आर्थिक क्षति भोग्नुपरेको नेप्लिज होटेलियर्स एशोसिएसनका अध्यक्ष प्रविणबहादुर पाठकले बताए।

एशोसिएसनका उपाध्यक्ष दिलिप गौचनले जेठ महिनामाभन्दा असारमा होटेलको व्यवसाय आधा कम भएको हुँदा विद्युत् खपत पनि स्वभाविक रुपमा कम भए पनि बिल धेरै आउँदा डिजिटल मिटरप्रति विश्वस्त हुन नसकिएको बताए।

उपाध्यक्ष गौचनले डिजिटल मीटरको रिडिङमा अनुमानित र मनोमानी बिलिङ हुने आशंका गहिरो रहेको बताए।

ज्ञापनपत्र बुझेपछि कार्यालय प्रमुख कपिलराज पाण्डेले व्यवसायीका माग र समस्या समाधानका लागि आफूले पहल गर्ने प्रतिबद्धता जनाए। उनले साउन महिनामा खपत हुने विद्युत्को प्राधिकरण र व्यवसायी दुबैले तथ्यांक राखेर तुलना गरी समाधानको उपाय निकाल्ने बताए।

## स्तनपान गराऔं, बाल स्वास्थ्यमा सुधार

- शिशु जन्मिएपछि जतिसक्दो चाँडो (१ घण्टाभित्र) आमाको (विगौती) दुध खुवाऔं,
- जन्मेदेखि ६ महिना पूरा नभएसम्म आमाको दुधमात्र खुवाऔं,
- ६ महिना पूरा भएपछि उमेर अनुसार पूरक खानाका साथै कम्तिमा २ वर्ष सम्म निरन्तर स्तनपान गराऔं।
- आमाको दूध शिशुको लागि अमृत समान हो र यसले शिशुको रोगसँग लड्न सक्ने क्षमतालाई बढाउँछ,
- स्तनपानले महिलाहरुमा स्तन क्यान्सर र पाठेघरको क्यान्सर हुने जोखिमलाई कम गर्दछ।
- चिकित्सकको सल्लाह बिना शिशुलाई आमाको दुध बाहेक अन्य कुनै किसिमको दुध नखुवाऔं,
- सकेसम्म दुधदानी वा बोतलको दुध प्रयोग नगरौं,
- स्तनपान सम्बन्धी उचित परामर्श तथा थप जानकारीका लागि नजिकैको स्वास्थ्य संस्था वा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई सम्पर्क गरौं।

**विश्व स्तनपान सप्ताह सफल पारौं।**

नेपाल सरकार विज्ञापन बोर्ड

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्!

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:
बुटवल–७, पुरानो बसपार्क
(सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:–०७१–५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रूपन्देही



विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com